# प्रभु बैंक लिमिटेड

बबरमहल, काठमाडौं

## बाइसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/२७ गते राजधानी)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८० साल चैत्र २३ गते बसेको सञ्चालक समितिको तीन सय बत्तीसौं बैठकको निर्णय बमोजिम यस **प्रभु बैंक लिमिटेड**को बाइसौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :**

**सभा हुने मिति : २०८१ साल वैशाख २० गते बिहिवार (तदनुसार सन् २०२४ मे २ तारेख)**

**स्थान : बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।**

**समय : बिहानको १०:०० बजे ।**

**छलफलका प्रस्तावहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आ.व.२०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८०/०८१ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालकहरुको नियुक्ती अनुमोदन एवं जानकारी सम्बन्धमा ।

६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**अमित भण्डारी**
**(कम्पनी सचिव)**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहानको ८:३० बजेदेखि खुल्ला रहनेछ ।

२. बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन र छलफलमा सहभागि हुन पाउने छन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र छलफल गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३. संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएको अवस्थामा त्यस्ता साझेदारहरुद्वारा मनोनित साझेदार वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित नगरेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले साधारण सभामा भाग लिन पाउनेछ ।

४. सभामा भाग लिन र छलफल गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा २४ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधि (प्रोक्सी) को हकमा दफा ४ र ५ बमोजिम हुनेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ ।

८. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि (प्रोक्सी) बदर गरी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा अघि दिएको प्रोक्सी स्वतः वदर हुनेछ ।

९. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयका सम्बन्धमा सभा हुनुभन्दा ७ दिन अगावै यस बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

१०. मिति २०८१/०१/०४ गते १ दिनका लागि शेयर दाखिल खारेज दर्ता बन्द (बुक क्लोज) गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०१/०३ गतेसम्म कारोबार भई मिति २०८१/०१/१२ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंले प्राप्त गरेको नामसारीको कागजातका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन र छलफल गर्न पाउने छन् ।

११. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको (DEMAT Account no.) प्रमाण प्रस्तुत गरेपछिमात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

१२. सुरक्षाको दृष्टिकोणले सभा स्थलमा प्रवेश गर्दा शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभा स्थलमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१३. सभा सम्बन्धी अन्य जानकारीका लागि बैंकको रजिर्ष्टड कार्यालय बबरमहल काठमाडौं वा यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन वा बैंकको वेवसाइट **www.prabhubank.com** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००